***१७क. योजना जाँचपास तथा फरफारक समिति :*** *(१) यस कार्यविधी बमोजिम प्रक्रिया पुरा भई कार्य सम्पन्न भई आएका उपभोक्ता समितिद्वारा संचालित योजनाहरु तथा नगर कार्यपालिका कार्यालयद्वारा संचालित सार्वजनिक पूर्वाधार निर्माण तर्फका आयोजनाहरुको जाँचपास तथा फरफारकका लागी देहाय बमिजमको योजना जाँचपास तथा फरफारक समिति रहनेछ।*

| | |
|---|---|
| *क) नगरप्रमुख* | *- संयोजक* |
| *ख ) नगर उपप्रमुख* | *- सदस्य* |
| *ग ) प्रमुख प्रशासकिय अधिकृत* | *- सदस्य* |
| *घ ) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य एक जना* | *- सदस्य* |
| *ङ) आर्थिक प्रशासन शाखा प्रमुख* | *- सदस्य* |
| *च) योजना शाखा प्रमुख* | *- सदस्य सचिव* |

*(२) समितिले कुनै विशेष कार्यक्रम/आयोजनाका लागी कुनै पदाधिकारी वा सम्बन्धित शाखा प्रमुखलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ। समितिका सदस्यहरुलाई बैठक बस्दा प्रति बैठक प्रति व्यक्ति एक हजार पाँच सय रुपैयाँ भत्ता प्राप्त गर्नेछन्।*

*(३) समितिले नगर कार्यपालिका कार्यालयद्वारा संचालित सार्वजनिक पूर्वाधार निर्माण तर्फका आयोजनाहरुको अनुगमनके कार्य गर्नेछ साथै समितिले उपभोक्ता कुनै अयोजना/कार्यक्रमको स्थलगत रुपमा विस्तृत अनुगमन गर्नुपर्ने अपस्था देखिएमा वा विस्तृत अनुगमन गर्नु पर्छ भनी जानकारी /उजुरी प्राप्त भएमा स्थलगत रुपमा विस्तृत अनुगमन गर्ने।*

*(४) प्रत्येक आयोजना /कार्यक्रम सम्पन्न भई अन्तिम किस्ता भुक्तानिका लागी अनुरोध भई आएको अवस्थामा प्राप्त सिफारिस र प्राविधिक प्रतिवेदनका आधारमा अन्तिम किस्ता भुक्तानि तथा फरफारकका लागी निर्णय गर्ने।*

**१८. मापदण्ड बनाउन सक्नेः** (१) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन , मुल्याङ्कन गरी सम्वन्धित उपभोक्ता समितिलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ।

(२) उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ।

***# पहिलो संशोधनबाट संशोधित***

**** पहिलो संशोधनबाट थप***

***‡ पहिलो संशोधनबाट झिकिएको***

